# ‘मदिरामा घटाऊ, स्यानिटाइजरमा लगाऊ’

पवन तिमिल्सिना | *काठमाडौं*

अन्त:शुल्क कार्यदल प्रतिवेदन

यो वर्ष उत्पादनमा चर्को अन्त:शुल्क उठाउने नीति लिएर सरकारले स्वदेशी उद्योगलाई चेपुवामा मात्रै पारेन, राजस्वको १८ प्रतिशत हिस्सा ओगटेको अन्त:शुल्कबापतको राजस्व पनि गुमाउनुपर्‍यो।

खासगरी यो वर्ष मदिराको अन्त:शुल्कदरमा तीन गुणा वृद्धि गरेसँगै ५० यूपी शक्तिका मदिरा उत्पादन लगभग बन्द भए। २०७४/७५ मा प्रतिलिटर एक सय ४४ रुपैयाँ निर्धारण गरिएको ५० यूपी शक्तिको मदिराको अन्त:शुल्कदर प्रतिलिटर ३ सय ७५ रुपैयाँ पुग्यो।

अन्त:शुल्क संकलनमा व्यापक गिरावट आएपछि चैत ९ गते राजस्व नीति तर्जुमा गर्न अर्थ मन्त्रालयको निर्देशनमा आन्तरिक राजस्व विभागले अन्त:शुल्क कार्यदल गठन गर्‍यो। कार्यदलले आगामी आर्थिक वर्षमा अन्य शक्तिका मदिरामा अन्त:शुल्कदर वृद्धि नगरी ५० यूपी शक्तिमा दर २० प्रतिशतले घटाउन सुझाव दिएको छ। प्रतिवेदनअनुसार ५० यूपी शक्तिको मदिरामा प्रतिलिटर ३ सय रुपैयाँ दर निर्धारण गर्नु उपयुक्त हुन्छ।

समग्रमा यो वर्ष मदिराको अन्त: शुल्क असुली ३ प्रतिशतले कमी आएको छ। पाँच दिनपछि १५ जेठमा प्रस्तुत गरिने आर्थिक वर्ष २०७७/७८ को बजेटले अन्त:शुल्कको व्यवस्था फेरबदल गर्दै स्वदेशी उद्योगलाई राहत दिने अपेक्षा गरिएको छ।

PLO LUBRICANTS

अल्कोहल शक्ति कम भएका प्रिमियम बियरको खपत बढ्दा अन्त:शुल्क राजस्व वृद्धि हुने गरेको अध्ययनले देखाएको छ। यद्यपि, बजारमा प्रिमियम बियरको अत्यधिक मूल्यका कारण उपभोक्ता थोरै परिमाणमा पनि धेरै नशा भएको स्ट्रङ बियरतर्फ आकर्षित भएको निष्कर्षमा पुगेको छ। यसले राजस्वमा समेत प्रभाव पारेको भन्दै स्ट्रङ बियर र प्रिमियम बियरमा छुट्टाछुट्टै अन्त:शुल्कदर लगाउन सुझाव दिएको छ।

यो वर्ष बियरको अन्त:शुल्क असुली समग्रमा दुई प्रतिशतले बढेको छ।

स्वदेशी फलफूल र तिनको सारबाट स्वदेशमा बनेका वाइन, विदेशी वाइन र विदेशी फलफूलबाट स्वदेशी फलफूलबाट स्वेदशमा बनेका वाइनको दर समायोजन गर्न सुझाव दिएको छ।

**स्यानिटाइजरमा अन्त:शुल्क लगाउन सुझाव**

मदिरामा अन्त:शुल्कको दर नबढाउन र घटाउनसमेत सुझाव दिएको कार्यदलले पछिल्लो समय व्यापक प्रयोगमा आएको स्यानिटाइजरमा अन्त:शुल्क लगाउन भनेको छ।

कोरोना महामारी रोकथाम तथा नियन्त्रणका लागि विश्वव्यापी सरसफाइ अभियानसँगै स्यानिटाइजरको प्रयोग बढ्दो छ। कच्चापदार्थका रुपमा अल्कोहलको प्रयोग हुने भएकाले यसमा अन्त:शुल्क लगाउनुपर्ने कार्यदलको सुझाव छ। मदिराको विकल्पका रुपमा समेत देखिएको स्यानिटाइजर अन्त:शुल्क राजस्व पूर्ति गर्ने माध्यम बन्न सक्ने तर्क गरिएको छ।

आयातमा गरेको कडाइले घट्दै गइरहेको भन्सार महसुल संकलनलाई आन्तरिक उत्पादनले पूर्ति गर्ने बताएपनि सरकारले अपेक्षित उपलब्धि पाउन सकेको छैन।

## सनराइज बैंकको सहयोग

**काठमाडौं** : सनराइज बैंकले चितवन मेडिकल कलेज र महाभारत गाउँपालिकालाई व्यक्तिगत सुरक्षात्मक उपकरण (पीपीई) सहयोग गरेको छ। बिहीबार बैंकका प्रमुख कार्यकारी अधिकृत जनक शर्मा पौड्यालले २० थान व्यक्तिगत सुरक्षात्मक उपकरण पीपीई चितवन मेडिकल कलेजका सम्पर्क अधिकारी बिमल ज्ञवालीलाई हस्तान्तरण गरेका छन्। कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत पौड्यालले अस्पतालका डाक्टर र नर्सहरूले संक्रमण नियन्त्रणका लागि निभाएको भूमिका अतुलनीय रहेको बताए।

## सार्वजनिक खरिदका सम्पूर्ण प्रक्रिया स्थगित गर्न अनुरोध

**काठमाडौं** : नेपाल निर्माण व्यवसायी महासंघले कोरोना भाइरसको महामारीसँगै मुलुकमा जारी लकडाउनको अवधिमा समेत बोलपत्रका खरिद प्रक्रिया यथावत रहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। सरोकारवाला निकाय समक्ष पटक पटक ताकेता गर्दा समेत त्यसको विपरित अति आवश्यक र कोभिड १९ सँग सम्बन्धित बाहेकका केही खरिद प्रक्रिया संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहअन्तर्गतका सार्वजनिक निकायले अझै स्थगित नगरेको महासंघले जनाएको छ।

‘अहिलेको विषम परिस्थितिमा आफू खुसी आफ्ना नजिकका व्यवसायीलाई हुने गरी मानवीय स्वास्थ्यलाई समेत ख्याल नगरी बोलपत्रका खरिद प्रक्रिया यथावत राखेकोप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको छ’, महासंघका महासचिव रोशन दाहालद्धारा बुधबार जारी विज्ञप्तिमा उल्लेख छ। लकडाउनका कारण निर्माण व्यवसायी सदस्य एक ठाउँबाट अर्को ठाउँसम्म आवतजावत गर्न नसक्ने अवस्था सिर्जना भएको भन्दै महासंघले यस अघि जारी भएका पास रद्द भई स्थानीय तहले समेत आफ्ना क्षेत्रभित्र आवतजावतमा कडाइका साथ रोक लगाएको स्मरण गराएको छ।

## आर्थिक पत्रकारको कोरोना बिमा

**काठमाडौं** : नेपाल आर्थिक पत्रकार समाज (सेजन) मा आबद्ध आर्थिक पत्रकारको कोरोना बिमा गरिएको छ। युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेडमार्फत सेजनमा आबद्ध सदस्यको कोरोना बिमा गरिएको हो। सेजनले आफ्ना प्रत्येक सदस्यको ५० हजार रुपैयाँ बराबरको बिमांक रकमको कोरोना बिमा गराएको छ। बिमापछि सेजनमा आबद्ध विभिन्न सञ्चार माध्यममा कार्यरत आर्थिक पत्रकारलाई कोरोनाले पर्ने आर्थिक व्ययभारमा कम जोखिम हुनेछ।

युनाइटेड इन्स्योरेन्सले यस बन्दाबन्दीको अवधिमा डिजिटल प्रविधिको माध्यमबाट बिमा सेवा प्रवाह गरिरहेको जनाएको छ। कम्पनीका अनुसार हाल आफ्नो २९ वटै शाखा कार्यालयमार्फत मोटर, बिमा अग्नि बिमा, इन्जिनियरिङ बिमा, कृषि तथा पशुपन्छी बिमालगायत बिमा लेख जारी गर्दै आएको छ।

## जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय कटहरी २, मोरङ

फोन नं. ०२१-४४२६६२, ४४२३१२

### विशेष साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०२/१०**

**श्री संस्थापक शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको सञ्चालक समितिको २०७७ जेष्ठ ०९ गते शुक्रबार बसेको २१ औं बैठकको निर्णयानुसार विशेष साधारण सभाको बैठक निम्न मिति, समय र स्थानमा देहाय बमोजिमका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण संस्थापक शेयरधनी महानुभावहरुमा जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मिति :** २०७७/०२/२५ गते आइतवार (तद्नुसार जून ७, २०२०)

**समय :** बिहान १०:३० बजे

**स्थान :** जीवन विकास लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग

**छलफलका विषयहरु:**

**(क) विशेष प्रस्तावहरू :**

१. जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, नाम रहने गरी सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र गरीबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर छलफल गरी निर्णय पारित गर्ने सम्बन्धमा।

२. जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र गरीबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त गाभ्ने/गाभिने(मर्जर) संस्थाको सम्पत्ति, दायित्व र कारोवारको मुल्यांकन प्रतिवेदन (DDA) समेतको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) उपर छलफल गरी निर्णय पारित गर्ने सम्बन्धमा।

३. जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र गरीबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोवारको मूल्यांकन प्रतिवेदन (DDA), गाभ्ने/गाभिने(मर्जर) सम्वन्धमा गठित संयुक्त मर्जर समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्वन्धमा भएका काम कारवाही र खर्च अनुमोदन तथा अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्वन्धमा।

४. जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र गरीबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) प्रयोजनका लागि व्यवसायिक योजना तथा प्रक्षेपण तथा सम्पत्ति, दायित्व र कारोवारको मूल्यांकन (DDA) गर्न नियुक्त लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा।

५. जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, सल्भ लघुवित्त वित्तीय संस्था लिमिटेड र गरीबी न्यूनिकरण लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) कार्य सम्पन्न भएपश्चात् हुने संस्थाको अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी, शेयर संरचना लगायत अन्य सरोकार विषयमा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्वन्धमा।

६. लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने(मर्जर) र प्रबन्धपत्र तथा नियमावलीमा सभाबाट भएको संशोधन प्रस्तावमा नियमनकारी निकायबाट कुनै संशोधन, हेरफेर गर्न निर्देशन भएमा सोही बमोजिम संशोधन हेरफेर गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

७. भविष्यमा अन्य लघुवित्त वित्तीय संस्थाहरुसँग एक आपसमा गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति सम्बन्धी सम्झौता, सम्पत्ति, दायित्व र कारोवारको मूल्यांकन (DDA) को कार्य गर्ने तथा सो सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा।

**(ख) विविध।**

### साधारण सभा सम्बन्धी अन्य जानकारी

१. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ।

२. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपुर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय कटहरी २, मोरंगमा दर्ता गराउनुपर्नेछ। यसरी नियुक्ती गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ।

३. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान ९:३० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ। तथापि कोरोना भाइरस (कोभिड १९) को कारणले आवतजावतमा कठीनाई भई उपस्थित हुन असमर्थ संचालक तथा शेयरधनी महानुभावहरुको अनलाईन (भर्चुअल) माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईनेछ यस उपस्थितीलाई समेत सभा हलमा उपस्थित भए सरह मान्यता प्रदान गरिने छ।

४. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।

५. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तंगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ३ (तीन) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन।

६. सभामा भाग लिन आउदा जाँदा लागेको खर्च लगायत अन्य कुनै पनि प्रकारको खर्चको शोध भर्ना यस वित्तीय संस्थाले बहन नगर्ने व्यहोरा अनुरोध छ।

७. बिशेष साधारण सभा सम्बन्धी जानकारी वित्तीय संस्थाको वेभसाइट www.jeevanbikasmf.com बाट लिन सकिने छ। थप जानकारीका लागि केन्द्रीय कार्यालय कटहरी, मोरंगमा कार्यालय समय भित्र कार्यालयको टेलीफोन नम्वर ९८०२७९६१९६ मा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं।

८. सभामा भाग लिन आउने शेयरधनीले सभा कक्षमा प्रवेश गर्नका लागी परिचय खुल्ने कागजात वा शेयर प्रमाणपत्र साथै लिई आउन अनुरोध गरिएको छ। संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा आधिकारीक पत्र अनिवार्य गरिएको छ।

९. बिशेष साधारण सभा सम्बन्धी सूचना सम्बन्धित शेयरधनी महानुभावहरूको ठेगाना तथा ईमेलमा पठाइएको छ सो सूचना प्राप्त नभएको भए यसै सुचनालाई आधिकारीक सुचना मानी बिशेष साधारण सभामा उपस्थितीका लागि अनुरोध छ।

१०. सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन वा अन्य प्रचलित कानून, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## ठाकुरबाबा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, बर्दिया**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७७०२१०**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सुचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| सूचना नं. | विवरण | स्वीकृत हुने फर्मको नाम | कवोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| MG/W/NCB/TBNP-16/2076-77 | Thakurbaba municipality main building Construction works | **Mahadev-Anjana Yadav JV, Gulariya-09, Bardiya** | 29265869 |

## Parsagadhi Municipality

**Office of Municipal Excuitive**
**Parsa ( Providence No-2**

### Notice of the Intent of Acceptance

**(First Publication Date: 2077/02 /10 ( 23 May, 2020 )**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contracts 04/PARG/LIDCP/BUILD-TEMPLE/NCB/W/2076-77, 05/PARG/LIDCP/BUILD/NCB/W/2076-77and 06/PARG/LIDCP/TUBEWELL/NCB/W/2076-77 as per the Invitation for Bids published in "The Annapurna post Daily" on **2076/10/24**, that the following listed Lowest Evaluated Substantially Responsive Bidders have been selected to award the contract.

| Contract Number | Contract Name | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Excluding VAT) |
|---|---|---|---|
| 04/PARG/LIDCP/BUILD-TEMPLE/NCB/W/2076-77, | Radhakrishna mandir tatha Dharmashala Nirman, parsagadhi na.pa.-3, Ramtol | M/S Soni Nirman sewa, Janki tola-4, Parsa | **3321847.71** |
| 05/PARG/LIDCP/BUILD/NCB/W/2076-77 | Shree Ne.Ra.Ma.school Baderwama bhawan Nirman, Parsagadhi Na.pa. ward no-9 | M/S Soni Nirman sewa, Janki tola-4, Parsa | **2742228.53** |

**Note : According to decision of office, contract no** 06/PARG/LIDCP/TUBEWELL/NCB/W/2076-77 Khanepani Dhara (Kal) Jadan, Parsagadhi Na.pa. ward no-1 to 9 has been canceled due to lack of budget.

**Chief Administrative Officer**

## साल्पासिलिछो गाँउपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

चौकीडाँडा, भोजपुर

१ नं. प्रदेश नेपाल

### शिलबन्दी कोटेशन आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/०२/१०**

यस कार्यालयबाट चालु आर्थिक बर्ष २०७६/०७७ को स्वीकृत निम्नानुसारको काम गराउनु पर्ने भएकोले इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट उल्लेखित सर्तहरुको अधिनमा रही रित पूर्वकको दरभाउ सहितको (शिलबन्दी कोटेशन) पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सर्तहरु :**

१. ईच्छुक शिलबन्दी कोटेशनदातारुले रु १०००।- (फिर्ता नहुने गरी) साल्पासिलिछो गाउँपालिका कार्यालयको नेपाल वंगलादेश बैंक शाखा कार्यालय साल्पासिलिछोमा रहेको राजश्व खाता नं. ०५७००००४४१ मा जम्मा गरेको भौचर साथमा शिल कोटेशन दाताको व्यवसाय नविकरण भएको इजाजतपत्र, आय कर तथा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु पेश गरी साल्पासिलिछो गाउँपालिका कार्यालय, चौकीडाँडा, भोजपुरबाट Hard Copy यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन -मिति २०७७ जेठ २५) गतेको दिनको कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. खरिद गरेको शिलबन्दी कोटेशन लाहाँ छाँप गरी खामको बाहिरी भागमा कामको विवरण, ठेक्का नम्बर, फर्मको नाम र ठेगाना स्पष्ट खुलाई कार्यालयलाई सम्बोधन गरी १६ औं दिन मिति २०७७ जेठ २६ गते दिनको १२:०० भित्रमा यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएको शिलवन्दी कोटेशनहरु सोही दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु, शिलबन्दी कोटेशनदाता वा निजको प्रतिनीधिहरुको रोहबरमा यस कर्यालयमा खालिने छ। शिलबन्दी कोटेशनदाता वा निजको प्रतिनीधहरुको उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

३. शिलवन्दी कोटेशन खरिद गर्ने, दर्ता गर्ने वो खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यलय खुलेको दिन उल्लेखित कार्य गरिनेछ।

४. शिलबन्दी कोटेशन साथ तोकिए बमोजिमको जमानत रकम यस कार्यालयको नेपाल वंगलादेश बैकको साल्पासिलिछो स्थीत शाखामा रहेको धरौटी खाता नं. ०५७००००८४१ मा जम्मा गरेको सक्कल भौचर वा कम्तिमा शिलबन्दी कोटेशन दाखिला हुने अन्तिम मितिले ४५ दिन म्याद भएको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल विडवण्ड सम्लग्न गर्नु पर्नेछ।

५. शिलबन्दी कोटेशनदाताले शिलबन्दी कोटेशनमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। **BOQ** मा उल्लेख भएको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्याता दिईनेछ। केरमेट भएको ठाँउमा सिलवन्दी कोटेशनदाताको स्पष्ट सहि छाँप भएको हुनुपर्नेछ।

६. एक फर्मको नामबाट खरिद भएको सिलवन्दी कोटेशन अर्को फर्मको नाममा दर्ता गर्न पाईने छैन्।

७. कुनै कारण जनाई वा नजनाई आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवं सूचना रद्द गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षीत रहनेछ।

८. शिलबन्दी कोटेशन सम्वन्धी अन्य कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

९. शिलबन्दी कोटेशन सम्वन्धी अन्य काम कारवाही सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ तथा सार्वजनिक खरिद नियमावली (संशोधन सहित) २०६४ र अन्य प्रचलित ऐन बमोजिम हुनेछ।

**तपशील :**

| सि. नं. | ठेक्का नं. | कामको विरण | लागतको अंक (भ्याट सहित) रु. | धरौटीको र कम रु. | फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | SRM/QS/NCB /11/076/077 | Bumling Aadarbhut Swasthya Kendra Nirman | १२४८०००।०० | ६२४००।०० | १०००।०० |

**जगरनाथ प्रसाद शाह**
**नि. प्रमुख प्रशासकीय अधिकृत**